**२०८१ साल असोज ९ गते तदनुसार(September 25,2024)बुधवार बैठकमा पेश भएका कार्यसूचीहरू:**

१.अन्तर स्थानिय तह सरूवा सम्बन्धमा ।
२.स्वास्थ्य कर्मचारी पदपूर्ति गर्ने सम्बन्धमा ।
३.टोक्सेल स्वास्थ्य चौकी दरबन्दी तेरिज सम्बन्धमा ।
४.डिजाईन स्वीकृत गर्ने सम्बन्धमा ।
५.हाटबजार व्यवस्थापन तथा संञ्चालन कार्यविधि निर्माण सम्वन्धमा।
६.कृषि पशु कर्मचारी विज्ञापन सम्वन्धमा।
७.कृषि वजारको सटर भाडा लगाउन सूचना आव्हान सम्बन्धमा।
८.अस्पताल संञ्चालनका लागि परामर्शदाता नियुक्ति गर्ने सम्बन्धमा ।
९.दररेट निर्धारण गरि बिल भुक्तानी सम्वन्धमा।

CamScanner

**<u>वैठकका निर्णयहरू:</u>**

**निर्णय नं.१-** प्रस्ताव नं १ माथि छलफल गर्दा प्रदेश लोक सेवा आयोग कोशि विराटनगर नेपालको प.स .२०७९/०८० ,च.नं.४३१ ,मिति २०८०/०३/२७ को सिफारिस पत्रानुसार यस मानिभन्ज्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ,मानेभन्ज्याङ,ओखलढुंगामा मिति २०८०/०३/२९ गतेदेखि हाजिरी भई हाल सम्म कार्यरत रहुन भएका सव-ईन्जिनियर (सहायक पाँचौ) श्री सन्तोष पोखरेल लाई दोहोरो सहमतिका आधारमा निजलाई कोशी प्रदेशको स्थानिय सरकारी सेवा) गठन तथा सञ्चालन (ऐन ,२०८० को दफा २४ को( ४) वमोजिम देहायको आधार र कारण खुलाई निजले चाहेको प्रदेश स्थित अन्य स्थानिय तहमा सोहि पदको रिक्त पदमा सरुवा भई जान दिनका लागि सिफारिस सहित मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यलयमा लेखि पठाउने निर्णय सर्वसहमतिबाट पारित गरियो ।

देहाय:

१। यस कार्यलयमा प्रशस्त मात्रामा कर्मचारि रहेको र निज कर्मचारीले गर्दै आएको काम अन्य शाखाका कर्मचारीले गर्ने भएको हुँदा यस कार्यलयको सेवा प्रवाहमा कुनै असर नपर्ने ।

२। निजको स्वास्थ्य स्थिति कमजोर रहेको हुँदा घरपाएक सरुवा गरि पठाउनुपर्ने बाध्यता सिर्जना भएको।

**निर्णय नं.२-** मानेभन्ज्याङ गाउँपालिका स्वास्थ्य शाखा अन्तर्गत तपसिलका स्वास्थ्य चौकीमा रिक्त रहेका दरवन्दीहरूमा विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | मागपदको नाम | तह | सेवा/समूह/उपसमूह | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अ.न.मी | चौथो | स्वास्थ्य सेवा | २ | |

CamScanner

निर्णय नं.३- श्री उच्च अदालत विराटनगर अस्थायी इजालस ओखलढुङ्गाको च.नं २३८ को मिति २०८१/०६/०६ गतेको पत्रानुसार स्वास्थ्य चौकी टोक्सेलमा नेपाल स्वास्थ्य सेवा कम्युनिटी नर्सिङ(क.न./पब्लिक हेल्थ नर्सिङ प.हे.न.) को छैठौं तहको दरवन्दी छ,छैन?भनी जवाफ पेश गर्न परिपत्र भएको र उक्त स्वास्थ्य चौकीको दरवन्दी राष्ट्रिय किताबखाना(निजामती) दरवन्दी व्यवस्थापन शाखाको च.नं ९३ मिति २०८०/३/२८ को पत्रानुसार प.हे.न छैठौं तहको दरवन्दी नदेखिएकोले निज निर्मलादेवि दाहाललाई दरवन्दी अनुरूप मानेभन्ज्याङ गाउँपालिकाको स्वास्थ्य शाखामा सह-संयोजकको रूपमा जिम्मेवारी तोकी मिति २०८१/०६/१२ गते देखि कार्यालयमा नियमित रुपमा हाजिर भई कामकाजमा खटाईने निर्णय सर्व सम्मत गरियो।

निर्णय नं.४- (क)यस मानेभन्ज्याङ गाउँपालिकाको मिति २०८१/०२/०५ गतेको निर्णय बमोजिम मोलुङखोला वालेथुम्कि खानेपानी लिफ्टिङ योजनाको (RVT-6)-shear wall,(RVT-5)-base,shear wall,(RVT-4) –shear wall,(RVT-3) -shear wall,(RVT-2) -shear wall आदी निर्माण गर्दा ढलान कार्यको स्पेशिफिकेशन अनुसारको गुणस्तर नपुगेकाले गुणस्तर पुर्याउनको लागि परामर्षदाता बाट सम्पूर्ण डिजाइन तथा राय सुझावको अन्तिम प्रतिवेदन प्राप्त भैसकेकाले उल्लेखित (RVT)हरूको गुणस्तर पुर्याई निर्माण कार्य अगाडि वढाउन यस अन्तिम प्रतिवेदनलाई स्वीकृत गरी सोही प्रतिवेदनमा उल्लेख भए वमोजिमको कार्य गर्ने गराउने निर्णय सर्व सम्मत गरियो।

(ख)यस मानेभन्ज्याङ गाउँपालिकाको मिति २०८१/०२/०५ गतेको निर्णय बमोजिम दुधकोशी हिलेपानी खानेपानी लिफ्टिङ योजनाको (RVT-1, RVT-4, RVT-5) को- base,shear wall ढलान कार्यको स्पेशिफिकेशन अनुसारको गुणस्तर नपुगेकाले गुणस्तर पुर्याउनको लागि परामर्षदाता बाटं सम्पूर्ण डिजाइन तथा राय सुझावको अन्तिम प्रतिवेदन प्राप्त भैसकेकाले उल्लेखित (RVT)हरूको गुणस्तर पुर्याई निर्माण कार्य अगाडि बढाउन यस अन्तिम प्रतिवेदनलाई स्वीकृत गरी सोही प्रतिवेदनमा उल्लेख भए वमोजिमको कार्य गर्ने गराउने निर्णय सर्व सम्मत गरियो।

निर्णय नं.५- मानेभन्ज्याङ गाउँपालिका अन्तर्गत विभिन्न स्थानमा संञ्चालन हुने हाटबजारलाई थप व्यवस्थित गरी स्थानीय उत्पादनलाई जोड दिनको लागि हाटवजार संञ्चालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि निर्माण गरि अर्को कार्यपालिका वैठकमा प्रस्तुत गर्ने निर्णय गरियो।

CamScanner

निर्णय नं.६- मानेभन्ज्याङ गाउँपालिकाको कृषि तथा पशु शाखा अन्तर्गत रिक्त रहेको तपसिलको पदमा करार सेवा मार्फत विज्ञापन गरि पदपूर्ति गर्ने निर्णय गरियो।

तपसिल:

| क्र.स | सेवा समुह | उप-समुह | पद | स्तर | संख्या | कै. |
|---|---|---|---|---|---|---|
| १ | नेपाल कृषि | ला.पो.डे.डे | प.से.प्रा | पाँचौ | १ | |
| २ | नेपाल कृषि | भेटेरिनरी | ना.प.स्वा.प्रा | चौथो | १ | |
| ३ | नेपाल कृषि | ला.पो.डे.डे | ना.प.से.प्रा | चौथो | १ | |

निर्णय नं.७-मानेभन्ज्याङ गाउँपालिकाको केन्द्रमा स्थापना भएको कृषि बजारको सटर खाली रहेकाले कृषि शाखाबाट न्यूनतम कवोलअंक प्रतिसटर रु २५०० को दरले जम्मा पाँच वटा सटर भाडामा दिने सम्वन्धि पन्ध्र दिने सूचना निकाल्ने निर्णय पारित गरियो।

निर्णय नं.८- यस मानेभन्ज्याङ गाउँपालिकामा निर्माण हुन गइरहेको पाँच शैयाको अस्पतालको संञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक पर्ने सम्पूर्ण परामर्ष प्रदान गर्नको लागि आवश्यक प्रकृया पूरागरि परामर्षदाता सूचिकृत गरि नियुक्ति गर्ने निर्णय पारित गरियो।

निर्णय नं.९- मोलुङ खोला वालेथुम्का खानेपानी लिफ्टिङ योजना निर्माण (MRM/NCB/WSMK/03/077-078) को Sumpwell मा गर्नुपर्ने Stone Packing कार्य Design Estimate मा खुलाइएको १.५ मि. चौडाईं र उचाई ३.५ मि. बाहेक प्राविधिक नापजाँचवाट बढी भएको परिणामलाई प्रति घनमिटर रू ३०४७.५०(Contractor Overhead) र भ्याट वाहेक भुक्तानी गर्ने निर्णय पारित गरियो।

CamScanner